# विपद् प्रभावित परिवारले अस्थायी आवासका लागि ५० हजार कसरी पाउने

### १ अस्थायी आवासका लागि ५० हजार कसले पाउँछन्?
बाढी-पहिरोलगायत सबै खालका विपद्का कारण निजी आवास पूर्ण रुपले क्षति भएका वा आंशिक क्षति भए तापनि बसोबास गर्न योग्य नरहेका घरपरिवारले दुई किस्तामा ५० हजार पाउँछन्।

### २ अनुदान लिन कहाँ जाने?
अस्थायी आवास अनुदान लिन विपद् प्रभावित परिवारले आफ्नो वडा कार्यालयमा सम्पर्क गर्नुपर्छ। त्यहाँ पाइने तोकिएको फारम भरेर वडाध्यक्षलाई निवेदन दिनुपर्छ।

### ३ निवेदनसँग के के कागजात राख्नुपर्छ?
- क्षति पुगेको घरको फोटो,
- परिचयपत्रको प्रतिलिपि (नागरिकता वा राष्ट्रिय परिचयपत्र वा मतदाता परिचयपत्र वा वडाको सिफारिस)
- बैंक तथा वित्तीय संस्थामा रहेको खाताको विवरण,
- प्रहरीको मुचुल्का (प्रत्येक घरधुरीको मुचुल्का नभएको अवस्थामा सामूहिक मुचुल्का)।

### ४ परिवारको कसले निवेदन दिन सक्छन्?
सकेसम्म घरमूली नै उपस्थित भएर निवेदन दिनु पर्छ। घरमूली उपस्थित हुन नसकेमा घरमूलीको मञ्जुरीनामा सहित परिवारको कुनै पनि सदस्यले निवेदन दिन सक्छन्।

### ५ लाभग्राही कसरी कायम गरिन्छ?
प्रभावित घरपरिवारले निवेदन दिएपछि वडा समितिको सिफारिसका आधारमा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले स्वीकृत गरेपछि उक्त परिवार अस्थायी आवास लाभग्राही कायम हुन्छन्। त्यसपछि, उक्त परिवारले वडामा गएर सम्झौता गर्नुपर्छ।

### ६ अस्थायी आवास निर्माणका लागि प्रत्येक लाभग्राहीले कति अनुदान रकम पाउनेछन्?
अनुदान सम्झौता पश्चात पहिलो किस्ता बापत रु. २५,०००/- र अनुसूची-४ बमोजिमको प्रक्रिया पूरा भएका र स्थानीय तहले सिफारिस गरेपछि बाँकी रु.२५,०००/- पाउनेछन्।

### ७ अनुदानको पैसा कसरी पाइन्छ?
निवेदन दिंदा संलग्न गरिएको बैंक खातामा पैसा आउँछ।

### ८ विपद्अघि एउटै आवासमा बस्दै आएका तर अलग्गिएका परिवारले छुट्टाछुट्टै अस्थायी आवासका लागी निवेदन दिन पाउँछन् ?
पाउँदैनन्। विपद् गएका बखत एउटै आवासमा बसोबास गरिआएका जतिसुकै परिवार भए पनि ती सबैलाई एउटै परिवार मानिनेछ।

### ९ आफूले चाहेअनुसार घर बनाउन पाइन्छ?
लाभग्राहीले आफूसँग उपलब्ध जमिनको आकार प्रकार तथा परिवारको संख्याका आधारमा चाहेअनुसार घर बनाउन पाइन्छ। 'विपद् प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड,२०८१' मा यस सम्बन्धी सन्दर्भ सामग्री पनि छ। स्थायी घर नबनेसम्म मनसुन धान्न सक्ने, २-४ वर्ष बस्न मिल्ने खालको बनाउनु पर्छ।

### १० अस्थायी आवास निर्माण स्थलको छनोट गर्दा के के कुरामा ध्यान दिनुपर्छ ?
बाढी, पहिरो, डुबान, भूकम्प लगायत विपद्को जोखिमबाट सुरक्षित हुने स्थानमा हुनु पर्नेछ।

### ११ अन्य कुनै निकाय वा संघसंस्थाले अस्थायी आवास निर्माण गरिदिएको वा निर्माण बापतको रकम दिएको खण्डमा नेपाल सरकारबाट रकम पाइन्छ?
प्रदेश सरकार, स्थानीय तह, अन्य संघसंस्था वा निजी क्षेत्रबाट अस्थायी आवास निर्माणका लागि अनुदान प्राप्त गरेका वा आवास नै पाएका लाभग्राहीले नेपाल सरकारबाट रकम पाउने छैनन्।

### १२ पैसा लिएर घर नबनाउँदा के हुन्छ ?
अनुदान रकम लिएर निर्माण सम्पन्न नगर्ने लाभग्राही र निजका परिवारलाई नेपाल सरकारबाट उपलब्ध गराइने पुनर्निर्माण तथा अन्य सेवा सुविधाबाट बञ्चित गराइनेछ साथै अनुदान बापत लिएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

### १३ निवेदन सम्बन्धी गुनासो भए कहाँ सम्पर्क गर्ने?
आफ्नो स्थानीय तहका प्रमुख वा अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत, प्रमुख जिल्ला अधिकारी, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सम्पर्क गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

**सम्पर्क**
टेलिफोन : ०१-४२११४७०
इमेलः reconstruction@ndrrma.gov.np
वेबसाइटः http://bipad.gov.np
मापदण्ड लिंक: https://www.bipad.gov.np/np/1349

https://www.facebook.com/NDRRMA
@NDRRMA_Nepal
https://www.youtube.com/@NDRRMA
विपद् सूचना (NDRRMA)

प्राविधिक सहयोग: राष्ट्रिय आवास तथा बस्ती उत्थानशील समन्वय मञ्च (NHSRP)